श्री वाघमण्टे सामुदायिक वन उपभेक्ता समुह
शितगंगा न.पा.१२ अर्घाखाँची

पत्र सख्या - २०८२/०८३ मिति- २०८२/१२/३०
च. नं. - ८१
विषय - वेभसाईटमा सुचना अपलोड गरिदिने बारे ।

श्री वन तथा बातावरण मन्त्रालय, राप्ती उपत्यका देउखुरी दाङ ।
श्री वन निर्देशनालय बुटवल, रुपन्देही ।
श्री डिभिजन वन कार्यालय, अर्घाखाँची ।

उपरोक्त सम्वन्धमा यस सामुदायिक बनको स्वीकृत वन कार्ययोजना वमोजिम छपान भै डिभिजन वन कार्यालय अर्घाखाँचीको संकलन सहमती अनुसार संकलन भै घाटगद्धी गरी राखेको काठ/दाउरा समुह वाहिर लिलाम बिक्रि गर्ने सिलसिलामा यस समुहबाट मिति २०८२/१२/३० गते देखि लागु हुने गरी पहिलो पटक २१ दिने सुचना समेत प्रकाशन भै सकेकोले सो सम्वन्धी पुर्ण बिबरणको सुचना यसै पत्र साथ सम्लग्न छ नियमानुसार कार्यालयको वेभसाईटमा अपलोड गरि दिनु हुन सादर अनुरोध छ ।

चुरामणी बुढाथोकी
अध्यक्ष
चुरामणी बुढाथोकी

अध्यक्ष
चुडामणी बुढाथोकी

## श्री बाघमन्टे सामुदायिक वन उपभेक्ता समुह
## शितगंगा न.पा. १२ अर्घाखाँची
## काठ/दाउरा लिलाम सम्बन्धी सुचना ।

**प्रथम पटक प्रकाशित - २०८२/१२/३० (मध्यान्न राष्ट्रिय दैनिक)**

यस सामुदायिक बनको स्वीकृत बन कार्ययोजना वमोजिम डिभिजन वन कार्यालय अर्घाखाँचीवाट संकलन सहमती लिई संकलन गरेको काठ शितगंगा - १२ टिक्करी घाटगढीमा रहेका निम्न परिमाणको काठजे जस्तो अवस्थामा छ सोही अवस्थामा आफ्नै खर्चमा उठाई लैजानु पर्ने भएकोले यो सुचना प्रकाशन गरिएको छ। काठ/दाउराको कारोबार गर्ने उदेश्यले स्थायी लेखा नम्बर (PAN) र मुल्यअभिवृद्धि कर (VAT) मा दर्ता भएका व्यक्ति वा फर्मले यो सुचना प्रकाशन भएको मितिले २१ दिन भित्र बोलपत्र खरिद गरी २२ सौ दिन सम्म दाखिला गर्न आह्वान गरिन्छ।

| सि. नं. | जात | लट नं. | ग्रेड | गो.थान | परिमाण घन फिट | न्युनतम दर रेट प्रति ईकाइ | |
|---|---|---|---|---|---|---|---|
| १ | साल | - | A | २४ | ३३२.४० | १२५०।- | **कटान मुछान खर्च**<br>काठ प्रति घ.फि. रु.१८६।-<br>दाउरा प्रति चट्टा<br>रु.१८१५०।- |
| | | | B | ४७ | ४१४.६८ | ९००।- | |
| | | | C | २१८ | १०घद्धं३० | ६००।- | |
| | | | D | २४७ | ५७१.३७ | ३००।- | |
| २ | असना | | A | ३१ | ४९९.८२ | ४००।- | |
| | | | B | ६० | ६३३.१२ | ३००।- | |
| | | | C | ३६० | १५७६.५५ | १००।- | |
| ३ | कर्मा | | B | २ | २३.३६ | ३००।- | |
| | | | C | १६ | ६१.७५ | १००।- | |
| ४ | जामुन | | C | ५ | २२.९९ | १००।- | |
| ५ | वाँभ्ती | | – | ५ | २१.३३ | १००।- | |
| ६ | हर्रो | | – | ५ | १८.८१ | २००।- | |
| ७ | प्यार | | – | १ | ४.८६ | १००।- | |
| ८ | कुम्भी | | – | १ | ९.७७ | १००।- | |
| ९ | साल दाउरा १२.०० चट्टा | | | | | १२०००।- | |
| १० | अन्य दाउरा ८.२५ चट्टा | | | | | ४०००।- | |

१. वोलमत्र खरिद गर्ने अन्तिम मिति र समय २०८३/०१/२१ गते कार्यालय समय भित्र।

२. वोलमत्र दाखिला गर्ने अन्तिम मिति र समय २०८३/०१/२२ गते दिउसो १.०० वजे भित्र।

३. बोलपत्र खरिद र दाखिला गर्न सक्ने स्थानहरु -

**(क) समुहको कार्यालय। (ख) डिभिजन बन कार्यालय अर्घाखाँची।**

४. वोलपत्र साथ कबोल गरेको रकमको १० प्रतिशतले हुन आउने रकम यस सामुदायिक वनको नाममा रहेको राष्ट्रिय वाणिज्य वैक शाखा कार्यालय सन्धिखर्क अर्घाखाँचीमा रहेको खाता नं. ३०५००१००००१८७३००१ मा जम्मा गरेको सक्कल भौचर वा कम्तिमा ६ महिनाको वैंक ग्यारेन्टी पेश गर्नु पर्ने छ।

**५. प्रति बोलपत्र बापत रु.२०००।- लाग्ने छ र सो रकम पनि उपरोक्त बैक खातामा जम्मा गरेको भौचर पेश गरे पछि मात्र पाईने छ**

६. लिलाम हुने वन पैदावार शितगंगा १२ टिक्करीमा रहेको घाटगढीमा स्थलगत रुपमा हेर्न सकिने छ।

७. रितपुर्वक र न्युनतम सख्याको वोलपत्र पेश भएमा मिति २०८३/०१/२३ गते दिउसो १.०० वजे समितिका पदाधिकारी, बन कर्मचारी, खरिदकार्ता प्रतिनिधि (उपस्थित नभए पनि) र अन्य व्यक्तिहरुको रोहवरमा समुहको कार्यालयमा खोलिने छ।

८.लिलाममा भाग लिन चाहने व्यक्ति वा फर्मले नागरिकता, कर चुक्ताको प्रमाण पत्र, उद्योग दर्ता, मुल्य अभिवृद्धि कर (VAT) मा दर्ता को प्रमाण पत्र, र स्थायी लेखा नम्बर(PAN) र **डिभिजन बन कार्यालयमा सुचिकृत भएको प्रमाण पत्रको** को प्रतिलिपिहरु बोलपत्र साथ पेश गर्नु पर्ने छ।

९.सकार रकम अंक र अक्षेरमा लेख्नु पर्ने छ। अंक र अक्षरमा फरक पाईएमा अक्षरलाई मान्यता दिईने छ।

१०. बोलपत्र सदर वा बदर गर्ने अधिकार यस सामुदायिक बन उपभोक्ता समुहलाई निहित रहने छ।

११. लिलाम स्वीकृत भएको जानाकारी पाएको ४५ (पैंतालिस) दिन भित्र नलगेमा धरौटी जफत गरी दोस्रो हुनेलाई दिईने छ।

१२. थप जानाकारीको लागि यस समुहको कार्यालयमा सम्पर्क राख्नु होला।

१३. अन्य प्रचलित कानुन वमोजिम हुने छ।

# काठ दाउरा लिलाम बिक्री सम्बन्धी सूचना

**प्रथम पटक प्रकाशित मितिः २०८२/१२/३०**

यस सामुदायिक बन उपभोक्ता समूहको बनबाट उत्पादन भई शितगंगा १२ टिक्करीमा घाटगद्दी गरी राखिएको साल जातको काठ २३५२.७४ क्यू. फि., अन्य जातको २८७२.३६ क्यू.फि. तथा साल दाउरा १२.०० चट्टा र अन्य दाउरा ८.२५ चट्टा जे जस्तो अवस्थामा छ सोही अवस्थामा आफ्नै खर्चमा उठाई लैजाने गरी लिलाम बिक्री गर्नुपर्ने भएकोले यो सूचना प्रकाशित गरिएको छ । इच्छुक व्यक्ति, संघ सस्था, फर्म वा कम्पनिले यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले २१ दिन भित्र बोलपत्र खरिद तथा दाखिला गर्न आव्हान गरिन्छ । यस सम्बन्धि विस्तृत जानाकारीको लागि यस सामुदायिक वन उपभोक्ता समूहको कार्यालयमा सम्पर्क राख्न सकिने छ । पूर्ण व्यहोराको सूचना यस सामुदायिक बन उपभोक्ता समूहको कार्यालयको सूचना पाटीमा, डिभिजन बन कार्यालय अर्घाखाँचीमा र अर्घाखाँची जिल्ला स्थित अन्य कार्यालयहरुमा समेत टाँस गरिने छ ।

**श्री वाघमण्टे सामुदायिक वन उपभोक्ता समूह**
**शितगंगा न.पा. १२ अर्घाखांची**

नेपाल सरकार